# पाठ - 7

# الدرس السابع - نيبالي

## लाइलाह इल्लल्लाहको शर्तहरू

## تابع شروط لا إله إلا الله

**४ - अनुसरण र आत्मसमर्पण :** अर्थात आज्ञाकारी बन्नु लाइलाह इल्लल्लाहको अर्थ बुझ्नु । स्वीकार र अनुसरणमा अन्तर चाहिं मात्र यति छ कि त्यसको वासतविक्तालाई मानेर बयान गर्नुलाई स्वीकार भनिन्छ जब कि अनुसरणको अर्थ हुन्छ आज्ञाकारी बन्नु, र त्यसै अनुकुल जीवन बिताउनु, अल्लाह र अल्लाहको रसूलको चाहनामा आफ्नो चाहना लाई समर्पित गरि दिनु ।
तसर्थ यदि कसैलाई लाइलाह इल्लल्लाहको अर्थको ज्ञान भयो, विशवास पनि भयो, र त्यसलाई स्वीकार पनि गर्यो तर त्यसको आज्ञा पालन गरेन र त्यस मार्फत जीवन बेयतीत गरेन भने उसले अनुसरणको शर्तलाई पुरा गरेको छैन, अल्लाह तआलाले भन्नु भएको छ :

*وَأَنِيبُوا إِلَى رَبِّكُمْ وَأَسْلِمُوا لَهُ * الزمر: ٥٤

कि आफ्नो पालनकर्ता तिर प्रवृत्त गरि जानु र उहाँकै आज्ञापालन गर्नु । अर्को ठाउँमा अल्लाहले भन्नु भएको छ :

*فَلَا وَرَبِّكَ لَا يُؤْمِنُونَ حَتَّى يُحَكِّمُوكَ فِيمَا شَجَرَ بَيْنَهُمْ ثُمَّ لَا يَجِدُوا فِي أَنْفُسِهِمْ حَرَجًا مِمَّا قَضَيْتَ وَيُسَلِّمُوا تَسْلِيمًا * النساء: ٦٥

तपाईको पालनकर्ताको कसम छ कि यिनीहरु जब सम्म आफ्नो सम्पूर्ण विवादमा तपाइलाई इन्साफकर्ता र न्यायधीस मान्दैनन् र तपाईले गरेको निर्णयप्रति हृदयमा कुनै सँकुचित बिचार नराखि प्रसन्नतापूर्वक त्यसलाई स्वीकार गर्दैनन् भने तब सम्म मोमिन हुने वाला छैनन् ।
**५ - सत्यता र सच्चाई :** आफ्नो इमानमा सत्यवादी, र आफ्नो आस्थामा सच्चा हुनु, अल्लाह तआलाले भन्नु भयो:

*يَا أَيُّهَا الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ وَكُونُوا مَعَ الصَّادِقِينَ * التوبة: ١١٩

हे ईमानवालाहरु, अल्लाह सँग डर मान्ने गर, र सच्चाहरुको सँगत गर ।
रसूल ﷺ ले भन्नु भयो «जुन सुकै व्यक्तिले सही मनले यो गवाही दिन्छ कि अल्लाह बाहेक कोही पूज्य छैन भने त्यो स्वर्गमा जान्छ» (यस हदीसलाई अहमदले बयान गरेका छन र अल्लमा अलबानीले सही बताएका छन) तसर्थ यदि कोही मुखले गवाही दिइरहेको छ तर भित्री मनले बिरोध गरिरहेको छ भने त्यो मुक्ति पाउदैन बरु त्यो कपटी र मोनाफिकको संख्यामा उल्लेख हुन्छ ।
सच्चाइको बिरोध मध्ये यो पनि हो कि रसूल ﷺ को तर्फबाट आएको सबै कुराहरुलाई नकारने वा मात्र केही खास कुराहरुलाई नकारने, किन भने अल्लाहले उहाँको आज्ञा पालन गर्ने आदेश दिनु भएको छ, र साथै उहाँको अनुसरणलाई आफ्नो अनुसरण सँग जोड्नु भएको छ, अल्लाहले भन्नु भएको छ :

* قُلْ أَطِيعُوا اللَّهَ وَأَطِيعُوا الرَّسُولَ * النور: ٥٤

हे नबी तपाई भनिदिनुस कि अल्लाहको आज्ञा पालन गर्नु र रसूलको आज्ञा पालन गर्नु ।